# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६३) काठमाडौं, कार्तिक ११ गते, २०७० साल (संख्या ३०

## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी UNHCR, झापाले इलाका प्रहरी कार्यालय, दमकका लागि उपलब्ध गराउने Mahindra Scorpio Pick-up थान दुई तथा इलाका प्रहरी कार्यालय, पथरी मोरङ्गका लागि उपलब्ध गराउने Mahindra Scorpio Pick-up थान एक समेत जम्मा थान तीनको स्वामित्व हस्तान्तरणमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर र अन्तः शुल्क छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी TDH नेपालबाट उपहार स्वरुप अपाङ्ग बाल अस्पताल तथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुनर्स्थापना केन्द्र, काभ्रेका लागि प्रदान गरिने भा.रु. ७,०९,१२५.०० (सात लाख नौ हजार एक सय पच्चिस) तथा युरो ४,५६९.०० (चार हजार पाँच सय उनसत्तरी) मूल्य बराबरको स्वास्थ्य सामाग्री तथा उपकरणको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी अन्य सबै महसुल, मूल्य अभिवृद्धि कर लगायतका शुल्क छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी Himalayan Cataract Project, U.S.A. बाट उपहार स्वरुप तिलगङ्गा आँखा केन्द्रको लागि प्रदान गरिने युरो ३,७७६.२० (तीन हजार सात सय छैहत्तर सेन्ट बीस), अमेरिकी डलर १,०१,१६६.०७ (एक लाख एक हजार एक सय छैसठ्ठी सेन्ट सात) र The Fred Hollows Foundation, Australia बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ५०,२७०.७० (पचास हजार दुई सय सत्तरी सेन्ट सत्तरी) मूल्य बराबरका आँखा उपचार सम्बन्धी स्वास्थ्य सामग्री/उपकरणको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपालका सामुदायिक विद्यालय तथा शिक्षण सिकाई क्रियाकलापको लागि Korean National Commission for UNESCO बाट सहयोग स्वरुप प्रदान गरिने युनेस्कोका निमित्त नेपाल राष्ट्रिय योजना आयोगको सचिवालयका नाममा प्राप्त हुने अमेरिकी डलर २,१००.०० (दुई हजार एक सय) मूल्य बराबरका शैक्षिक सामग्री र CD चक्काहरुको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी महसुल एवं मूल्य अभिवृद्धि कर समेत छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी संविधानसभा निर्वाचनमा प्रयोग गरिने मतपत्र छपाईका लागि UNDP ले सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर ८,१२,५२५.००



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(आठ लाख बाह्र हजार पाँच सय पच्चिस) मूल्य बराबरका ४८५ मे. टन कागजको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी महसुल तथा मूल्य अभिवृद्धि कर लगायतका करहरु छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र अन्तर्गतको Prevention from Mother to Child Transmission (PMTCT) कार्यक्रमका लागि Direct Relief International बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १४,९१७.५० (चौध हजार नौं सय सत्र सेन्ट पचास) मूल्य बराबरको औषधी तथा Test Kits हरु Family Health International, Nepal Country Office मार्फत् आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी अन्य कर, महसुल छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल नेत्रज्योति संघ नामक गैर सरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रमका लागि Seva Foundation, U.S.A. बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १,२५०.०० (एक हजार दुई सय पचास) मूल्य बराबरको चश्माको फ्रेम २५,००० थानको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर समेत छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी मानव विकास तथा सामुदायिक सेवा, ललितपुरद्वारा सञ्चालित चौरजहारी अस्पताल, रुकुमका लागि DHM(Deutsche Hilfsaktion fuer Missionskarnkenhaeuser e.V.), Germany बाट उपहार स्वरुप प्रदान गरिने युरो २,४००.०० (दुई हजार चार सय) मूल्य बराबरको Ultrasonic Device आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी अरु भन्सार महसुल तथा कर शुल्क छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ९

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी प्रयास नेपाल, काठमाडौंद्वारा सञ्चालित कार्यक्रमका लागि BOSCO SPORT S.R.L., Italy बाट उपहार स्वरुप प्रदान गरिने युरो २,६४९.९० (दुई हजार छ सय उनान्चास सेन्ट नब्बे) र Manifatture di Sicurezza srl, Italy बाट उपहार स्वरुप प्रदान गरिने युरो १,२००.०० (एक हजार दुई सय) मूल्य बराबरका तयारी कपडा आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १०

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी The Leprosy Mission Nepal, ललितपुरद्वारा सञ्चालित आनन्दवन अस्पताल, ललितपुरका लागि The Leprosy Mission International, U.K. बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर २५,४०७.५० (पच्चिस हजार चार सय सात सेन्ट पचास), युरो १५,०४७.३८ (पन्ध्र हजार सतचालिस सेन्ट अठतिस), पाउन्ड स्ट्रर्लिङ २,७६३.०० (दुई हजार सात सय त्रिसठ्ठी) र स्वीस फ्रेन्क ३,७०४.४० (तीन हजार सात सय चार सेन्ट चालीस) मूल्य बराबरको स्वास्थ्य सामग्री/उपकरणहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी अन्य कर महसुल छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ११

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं स्थित ब्रिटिश गोर्खाका लागि आ.व. २०७०।७१ मा भारत तथा तेस्रो मुलुकबाट खरिद गरी पैठारी गरिने पाउन्ड स्ट्रर्लिङ १४,६७,०००.०० (चौध लाख सतसठ्ठी हजार) मूल्य बराबरका सामग्रीहरुमा सम्पूर्ण कर, महसुल तथा शुल्क छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**

**मणिराम ओझा**

**सहसचिव**



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मा.हु.द.नं. १६।०६२।६३